नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

इटहरी, सुनसरी

फोन नं.: ०२५-५८२६०४
५८५०९७
फ्याक्स नं.: ०२५-५८०६३५
इमेल: itahari@dri.gov.np

## मालवस्तु लिलाम बिक्रीको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सूचना

### (प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०६ गते)

यस कार्यालयबाट विभिन्न मितिमा जफत भएका तपसिलमा उल्लेखित मालवस्तुहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका ईच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण पहिलो संसोधन) ऐन, २०५२ को दफा ३२ तथा सोहि नियमावलीको नियम २६ बमोजिम सिलबन्दी लिलाम विक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः–

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ (सात) (मिति २०८३/०४/१२ गतेसम्म) दिनभित्र कार्यालय समयमा निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको र लिलाम राखिएका मालवस्तुको कारोवार गर्न पाउने ईजाजतको प्रमाण पत्र, मु.अ.करमा दर्ता भएको प्रमाणपत्र, आ.व.०८२।०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित न्यूनतम मूल्य रु. एक लाखसम्म भएका मालवस्तुको हकमा प्रति बोलपत्र रु.३००/-, एक लाख भन्दा माथी दश लाखसम्मको लागि रु.१,०००।— र दश लाख भन्दा माथि भएकाको लागि प्रति बोलपत्र रु.२,०००/- यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंकको खाता नं. १०००१००२००१०००० कार्यालय कोड ३०१०५१४०१ राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कलै भौचर सहित दस्तुर बुझाइ (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट खरिद गर्न सकिनेछ। कार्यालयबाट खरिद गरेको र खरिद गर्ने व्यक्ति वा फर्म बाहेक अन्यले बोलपत्र दाखिला गर्न सक्ने छैन। अन्तः शुल्क लाग्ने मालवस्तुको हकमा अन्तःशुल्क दर्ता प्रमाणपत्रको प्रतिलीपि समेत पेश गर्नु पर्नेछ ।

२. खरिद गरिएको बोलपत्र फाराम ८ औं (मिति २०८३/०४/१३ गते) दिनको १२.०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ । बोलपत्र दर्ता गर्दा सिलवन्दी खाम बाहिर बोलपत्र नं., सुचना नं. अनिवार्य रुपमा लेख्नु पर्नेछ । ८ औं दिनको १२.०० बजेसम्म दर्ता हुन आएको बोलपत्र सोही दिन १४.०० बजेको समयमा कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्रमा बोलपत्रदाता व्यक्ति वा फर्मले आफ्नो नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पुरा नाम, थर लेखि बोलपत्रदाता व्यक्ति वा फर्म वा निजका आधिकारिक प्रतिनिधिले सही छाप गरेको हुनु पर्नेछ।

४. बोलपत्रदाताले आफुले कबोल गरेको अंकको १० (दश) प्रतिशतले हुन आउने धरौटी वापतको रकम राष्ट्रिय वाणिज्य वैंकमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरीको खाता नं. २२२०१००१०२०३०००० कार्यालय कोड ३०१०५१४०१ मा जम्मा गरी सोको सक्कल भौचर बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । प्रत्येक बोलपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नु पर्नेछ ।

५. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेको भए सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । कुनै पनि शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन र बोलपत्र फारममा उल्लेख भएको सुचना नं. र बोलपत्र दाखिला गरेको सिलवन्दी खाममा लेखिएको सुचना नं. एउटै हुनु पर्नेछ । फरक भएमा सो बोलपत्र रद्द हुनेछ ।

६. म्याद नाघि आएको, रित नपुगेको सूचनाको शर्त विपरित भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. मालवस्तु भौतिक अवस्था हेर्न सूचना प्रकाशित भएको मितिबाट कार्यालय समय भित्र हेर्न बुझ्न सकिनेछ ।

८. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ । बोलपत्र स्वीकृत भएको मितिबाट ७ (सात) दिन भित्र बुझाउनु पर्ने र प्रचलित कानून बमोजिम लाग्ने अन्य कर समेत बुझाई

नेपाल सरकार

अर्थ मन्त्रालय

राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

इटहरी, सुनसरी

फोन नं.: ०२५-५८२६०४
५८५०९७
फ्याक्स नं.: ०२५-५८०६३५
इमेल: itahari@dri.gov.np

२०८२/... शाखा अधिकृत

मालवस्तुहरु उठाई लैजानु पर्नेछ । तोकिएको म्याद भित्र नउठाएमा धरौटी रकम जफत गरी क्रमशः अन्य बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।

९ प्राप्त हुन आएका बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्विकृत गर्ने वा नगर्ने एकमुष्ट वा आंशिक स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०.बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु लगतै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।

१४.लिलामबाट स्विकृत बोलपत्रदाताले कबोल अंकको रकम पुरा बुझाई सकेपछि मात्र अन्य बोलपत्रदाताको धरौटी फिर्ता गरिनेछ

१५.यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छ ।

<u>तपशिलः</u>

| सि. नं. | सूचना दर्ता नम्बर | मालवस्तुको विवरण | मूल्य |
|---|---|---|---|
| १ | ४२-०८२/८३ | मिक्स्चर ग्राईन्डर(३ जार)-१२०, काजु (नभुटेको)-४०० केजी, चियापति (लुज बोरामा)-१२५४ केजी, भेष्ट (साधारण)-४०० पीस, | १३,११,३९०।- |
| २ | ४४-०८२/८३ | डिस्पोजएबल ग्यास लाईटर-२००० पीस, कार्टुन टेप-६केजी, नेलकटर १० पीस, डीटोल सप-१६४ पीस, सोप गोदरेज लाईभ-१८० पीस, , फेविकोल-१ केजीकेजि, कुर्ता सलवार-७३ पीस, चीनी-१०० केजि, क्लिनर-१०.५ लिटर | ८७,७९२।- |
| ३ | ५१-०८२/८३ | चीनी-२०० केजी, मिश्री-२५ केजी, पानीपुरी फ्राई नगरेको-९६ केजी, अगरबत्ती १२०० स्टिक(१०० वक्स), | २८,४३९।- |
| ४ | ६५-०८२/८३ | टाईगर तेल-१४ लिटर, लुगाधुने साबुन-१ कार्टुन, | २,३९९।- |
| ५ | ७०-०८२/८३ | उलन कुर्त सलवार सेट-७७ पिस, कटन कुर्तासलवार सेट-१६९ पिस, लेडिज उलन स्वीटर-२१ पिस | १,२७,४९४।- |
| ६ | ९३-०८२/८३ | केल्मी को लोगो भएको ट्र्याकसुट-४३ जोर, मोडर्न ग्रुप प्याकेट-३६ पीस, नोक्टा नाईक ट्राउजर-५५ पिस, पातलो मण्डी-३१ पिस, सिरकको बुट्टे खोल-३० पीस, तन्ना १४ पीस, सिरानी खोल-७० पीस, लेडीज जम्पर-३० पीस, लेडिज स्वीटर-३० पिस, लेडिज ट्रउजर-३४ पीस, लेडिज फर्मल पाईन्ट-३० कालो ज्याकेट-४८ पीस, बच्चाको हुडी ट्राउजर-३० पीस, बच्चाको सुरुवाल-४३ पिस, भित्रि ट्राउजर-१५ पीस, कनेक्ट राउटर-१० पीस | २,४७,७३३।- |
| ७ | १०१-०८२/८३ | ईमर्जेन्सी सोलार ल्याम्प-७२ पीस, सोलार ल्यान्टर्न-११२ पीस, सिल्भरटेक-१०० पीस | १,३३,३१३।- |
| ८ | ११२-०८२/८३ | NECKED EXPRESS लेखिएको जिन्स पाईन्ट-८ थान, NECKED EXPRESS लेखिएको कपडाको पाईन्ट-५६ थान, NECKED EXPRESS लेखिएको कलरवाला टिसर्ट-३५ थान, NECKED EXPRESS लेखीएको भेष्ट-२४ | १,५९,२२५।- |
| ९ | ११६-०८२/८३ | टप्स-१६८ थान, बच्चाको कुर्ता सुरुवाल सेट-६ थान, कुर्ति २३ थान, सुरुवाल-२४ थान, कुर्थी सूरुवाल सेट-१३ थान, | २०,१७५।- |
| १० | ११७-०८२/८३ | कुर्ता सुरुवाल सेट-१०३ थान, कुर्था (टप्स)-४७ | १,१०,३२५।- |
| ११ | १२३-०८२/८३ | कुरकुरे-२ काटुन, मालकिष्ट विस्कुट-२ कार्टुन, चिनी-२ बोरा | १६,१२५।- |